धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
## National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३३३ ◆ २०८३ असार ५ गते शुक्रबार, Friday, June 19, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## कृषि, वन तथा वातावरण मन्त्रालयलाई यस वर्ष करिब दुई अर्बको अनुदान

काठमाडौँ । कृषि, वन तथा वातावरण मन्त्रालयलाई तराई क्षेत्रमा जलवायु अनुकूलित धान उत्पादन र उत्पादकत्व वृद्धि गर्न दक्षिण कोरिया सरकारले करिब दुई अर्ब रुपैयाँबराबर अनुदान सहयोग उपलब्ध गराउने भएको छ ।

बिहीबार आयोजित कार्यक्रममा मन्त्रालय र कोरियाली अन्तरराष्ट्रिय सहयोग नियोग (कोइका)बीच नेपालको तराई क्षेत्रमा जलवायु अनुकूलित धान उत्पादन र उत्पादकत्व वृद्धि नामक परियोजना कार्यान्वयनका लागि सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

सम्झौतामा कोइका नेपाल कार्यालयका कन्ट्री डाइरेक्टर मुहेअन कोङ र मन्त्रालयका सहसचिव डा हरिबहादुर केसीले हस्ताक्षर गर्नुभएको छ । यस सम्झौताअनुसार दक्षिण कोरिया सरकारले कोइकामार्फत सन् २०२६ देखि २०३१ सम्म सञ्चालन हुने छवर्षे परियोजनाका लागि रु एक अर्ब ८१ करोड (एक करोड २० लाख अमेरिकी डलर)बराबर रकम उपलब्ध गराउने छ। यस आयोजना नेपालको कृषि क्षेत्रमा हाल सञ्चालित अन्तरराष्ट्रिय सहयोगको सबैभन्दा ठूलो परियोजना हुनुका साथै नेपालमा कोइकाको हालसम्मकै ठूलो द्विपक्षीय परियोजना हो। यो परियोजना लुम्बिनी प्रदेशका चार जिल्ला बाँके, बर्दिया, दाङ र कपिलवस्तु तथा सुदूरपश्चिम प्रदेशका कैलाली र कञ्चनपुर जिल्लामा कार्यान्वयन गरिने जनाइएको छ ।

आयोजनाले जलवायुमैत्री कृषि प्रविधि, सुदृढ धानको बीउ प्रणाली, सुधारिएको बाली कटानीपछिको व्यवस्थापन र कृषक तथा उद्यमीका लागि बजार पहुँच विस्तारमार्फत धानको उत्पादकत्व वृद्धि गरी नेपालको खाद्य सुरक्षा सुदृढ गर्ने लक्ष्य राखेको छ । परियोजना कार्यान्वयन कोइकाले कृषि मन्त्रालय र लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशका प्रादेशिक मन्त्रालयहरूसँगको साझेदारीमा गर्ने छ भने यसमा नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) र अन्तरराष्ट्रिय धान अनुसन्धान संस्थान (इरी)को प्राविधिक सहयोग रहनेछ । परियोजनाले जलवायु अनुकूलित धानको बीउ प्रणाली बलियो बनाउन र नेपालको परिवर्तनशील जलवायु अवस्थाअनुसार धानका सुधारिएका जातहरूको प्रसार तीव्रता दिन विशेष जोड दिने बताइएको छ ।

## काठमाडौँ महानगरले ल्यायो २५ अर्ब ८८ करोडको बजेट

❑ *प्रत्यूष समाचारदाता*




काठमाडौँ । काठमाडौँ महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि रु २५ अर्ब ८८ करोड ३० लाख ५५ को बजेट ल्याएको छ ।

कामपाको १९औँ नगर अधिवेशनमा बिहीबार आगामी आवका लागि बजेट प्रस्तुत गर्दै महानगरकी कार्यवाहक प्रमुख सुनिता डङ्गोलले कुल बजेटमध्ये पूर्वाधार विकासमा ६१ प्रतिशत विनियोजन गरिएको बताउनुभयो। "महानगरले आगामी आवको बजेटमा पूर्वाधार विकासमा उच्च प्राथमिकतामा राखेर बजेट विनियोजन गरेका छ", उहाँले भन्नुभयो ।

महानगरले आगामी आवको बजेटमा सामाजिक विकासतर्फ कुल बजेटको नौ दशमलव छ प्रतिशत विनियोजन गरिएको छ। त्यस्तै आर्थिक विकासतर्फ दुई दशमलव एक प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासन क्षेत्रतर्फ कुल बजेटको १८ दशमलव आठ प्रतिशत बजेट विनियोजन गरिएको कार्यवाहक प्रमुख डङ्गोलले जानकारी दिनुभयो। आगामी आवको बजेटको स्रोततर्फ महानगरको आन्तरिक आय र बैंक मौज्दात गरी कुल २० अर्ब १८ करोड ६३ लाख २९ हजार बेहोर्ने प्रमुख डङ्गोलले जानकारी दिनुभयो। उहाँका अनुसार सङ्घीय सरकार र प्रदेश सरकारबाट शसर्त, समानीकरण, राजस्व बाडँफाँडबाट प्राप्त हुने अनुदान रु चार अर्ब ९३ करोड ६७ लाख २६ हजार प्राप्त हुनेछ ।

कार्यवाहक प्रमुख डङ्गोलले चालु अर्थिक वर्षमा रु २५ अर्ब ११ करोड ४३ लाख ४१ बजेटमध्ये जेठ मसान्तसम्म रु ११ अर्ब २९ करोड २९ लाख ३८ हजार खर्च भएको जानकारी दिनुभयो। महानगरको पुँजीगततर्फ चालु आवमा रु पाँच अर्ब ५२ करोड ६८ लाख १९ हजार विनियोजन भएकामा ३५ दशमलव ५९ प्रतिशत खर्च भएको छ। आगामी आर्थिक वर्षमा काठमाडौँ महानगरपालिका क्षेत्रभित्रका पूर्वाधार योजनालाई उच्च प्राथमिकतामा राखेको छ। काठमाडौँ महानगरपालिकाले आर्थिक वर्ष २०८३/८४ को बजेट सार्वजनिक गर्दै पूर्वाधार योजनालाई उच्च प्राथमिकतामा राखेको जनाएको हो ।

"फोहरमैला व्यवस्थापन, विद्यालय शिक्षा प्रणालीमा सुधार, सुशासन प्रवर्द्धन, सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको क्षमता वृद्धि, एक वडा एक उद्यम कार्यक्रमलाई प्रवर्द्धन गरी रोजगारी र आय वृद्धी गर्ने कार्यक्रमलाई उच्च प्राथमिकतामा राखिएको छ", कार्यवाहक प्रमुख डङ्गोलले भन्नुभयो ।

महानगर क्षेत्रभित्र प्रदुषण कम गर्ने, सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने, महानगर क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्व बोकेका मठ, मन्दिर, बहाल, पोखरी, हिटी, वहाः वही, ननीलगायत सम्पदास्थलको संरक्षण एवं मूर्त तथा अमूर्त संस्कृतिको संरक्षण र प्रवर्द्धनमा आवश्यक बजेट व्यवस्थापन गरिएको उल्लेख गरिएको छ ।

## रूपन्देहीमा क्रिप्टोकरेन्सी कारोबार आरोपमा छ चिनियाँ नागरिक पक्राउ

सिद्धार्थनगर । रूपन्देहीको बुटवलबाट अभौतिक मुद्रा (क्रिप्टोकरेन्सी) कारोबारमा संलग्न रहेको आरोपमा छ जना चिनियाँ नागरिक पक्राउ परेका छन् । नेपालमा कानुनले निषेध गरेको क्रिप्टोकरेन्सी कारोबार भइरहेको विशेष सूचनाका आधारमा प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दका अनुसार बुटवल उपमहानगरपालिका-१२ स्थित एक स्थानमा विभिन्न मोबाइल एप्स तथा वेबसाइटमार्फत क्रिप्टोकरेन्सी कारोबार भइरहेको सूचनापछि इलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको टोलीले छापा मारेको थियो । प्रहरीले पक्राउ परेकामध्ये ४३ वर्षीय हु गाङ, ४५ वर्षीय ली शुआनहेई, ३६ वर्षीय सुन हुई, ३५ वर्षीय झाओ किउचेन, ३१ वर्षीय सियाङ जियासुन र ४५ वर्षीय ली बिन रहेका जनाएको छ ।

अनुसन्धानका क्रममा उनीहरूले बाइनान्स, ओकेएक्स, इनटोकन, पेटीएम, मोबिक्विक तथा फोनपेलगायतका डिजिटल भुक्तानी तथा क्रिप्टोकरेन्सी एप्स र वेबसाइटमार्फत अभौतिक मुद्रा कारोबार गरिरहेको प्रारम्भिक रूपमा खुल्न आएको प्रहरीको भनाइ छ। घटनास्थलबाट विभिन्न कम्पनीका ११ थान मोबाइल फोन र दुई थान ल्यापटप बरामद गरिएको छ । बरामद सामग्रीको परीक्षण तथा डिजिटल प्रमाण सङ्कलन गरी थप अनुसन्धान भइरहेको अनुसन्धान अधिकृत प्रहरी निरीक्षक आशिष विश्वकर्माले जानकारी दिनुभयो ।

## टोलटोलमा फिल्म महोत्सव, आठ संस्था छनोट

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । काठमाडौँ महानगरपालिकाले टोलटोलमा फिल्म महोत्सव आयोजना गर्न स्थानीय व्यवस्थापनका लागि आठवटा संस्थालाई छनोट गरेको छ । त्यस्तै, महोत्सवकै लागि अन्य तीनवटा संस्था वैकल्पिक सूचीमा परेको कामपाले जानकारी दिएको छ ।

सम्पदा तथा पर्यटन विभागले आह्वान गरेको सूचनाबाट पेस भएका २० वटा प्रस्तावको मूल्याङ्कनबाट व्यवस्थापनको काम गर्ने संस्था छानिएको विभागका प्रमुख कुमारी राईले जानकारी दिनुभयो ।

प्रमुख राईका अनुसार कामपाले यही असार ५ गतेदेखि सञ्चालन गर्न लागेको महोत्सवमा स्थान चयन, क्रियाकलाप प्रस्तावकबाट माग गरिएको थियो । यसका आधारमा प्रस्तावकले पेस गरेका क्रियाकलाप र क्रियाकलाप सञ्चालन गर्दा लाग्ने खर्चलगायत सूचकमा प्रदान गरिएको अङ्कभारका आधारमा संस्था चयन भएका हुन् । महोत्सवमा प्रदर्शन गरिने लघुचलचित्र, चलचित्र प्रदर्शनका लागि एलइडी तथा साउन्ड सिस्टम, क्युरेटरलगायत सहयोग महानगरपालिकाको सम्पदा तथा पर्यटन विभागले उपलब्ध गराउनेछ। महोत्सवको व्यवस्थापन स्थानीय संस्थाहरूले गर्नेछन्। महोत्सव असार ५ गते खुलामञ्चबाट सुरु हुनेछ। यो कार्यक्रमको व्यवस्थापन इकोज इन द भ्यालीले गर्नेछ। ६ गते असनमा हुने कार्यक्रमको व्यवस्थापन नीलः सांस्कृतिक क्लबले गर्नेछ ।

असार महिनाभरि हरेक शुक्रबार र शनिबार आयोजना हुनेछ। यसअन्तर्गत यहाँका पुचले बालाजु बाइपास क्षेत्रमा, निर्णय नेपालले बागबजार सडकखण्डमा, नेपाल भाषा स्यनेकने फाउन्डेसन, यट्खा बहाल भाष्करकीर्ति महाविहारमा, न्हुग पःला सांस्कृतिक मिसा पुचःले लगनटोलमा, लुजः नेवाः सांस्कृतिक पुचःले सुन्धारामा, मैतीदेवी युनाइटेड क्लबले मैतीदेवी मन्दिर खुलाचौरमा कार्यक्रम व्यवस्थापन गर्नेछन्।

महोत्सवमा सर्ट फिल्म प्रदर्शन, चलचित्र, कला तथा रचनात्मक उद्योग लगायत विषयमा संवाद, सांस्कृतिक तथा सिर्जनात्मक कार्यक्रम हुनेछन्। कामपाले टोलटोलमा फिल्म महोत्सव सञ्चालन तथा व्यवस्थापन गर्न २० वटा प्रस्ताव परेकामा आठ प्रस्ताव स्वीकृत र तीनवटा वैकल्पिक सूचीमा राखेको छ ।

असार ५ गतेदेखि २६ गतेसम्म प्रत्येक शुक्रबार र शनिबार टोलटोलमा फिल्म महोत्सवको आयोजना गर्न लागेको हो। समुदायमा भएका रचनात्मक सीपलाई उद्यम र उद्योगको विकासका लागि सार्वजनिक स्थल, पार्क, डबली, चोकहरूमा सर्ट फिल्म प्रदर्शन, चलचित्र, कला तथा रचनात्मक उद्योगलगायत विषयमा संवाद, सांस्कृतिक तथा सिर्जनात्मक कार्यक्रम गर्न लागिएको कामपा कार्यवाहकप्रमुख सुनिता डङ्गोलले जानकारी दिनुभयो । महोत्सव असार महिनामा आठ ठाउँमा आयोजना हुने कामपाले जानकारी दिएको छ ।

## राष्ट्रिय परिचयपत्र आफैँले डाउलोड गर्न सकिने

काठमाडौँ । सरकारले राष्ट्रिय परिचयपत्र सम्बन्धित व्यक्तिले नै डाउलोड गर्न मिल्ने सेवा सुरु गरेको छ। राष्ट्रिय परिचयत्रप तथा पञ्जीकरण विभागले बिहीबारदेखि परीक्षणका रूपमा उक्त सेवा सुरु गरेको हो ।

विभागको राष्ट्रिय परिचयपत्र सम्बन्धी वेभसाइट मार्फत व्यक्तिको फोटो र अनलाइन 'भेरिफिकेसन' क्युआर कोडसहितको परिचयपत्र कार्ड डाउनलोड गर्न सकिनेछ । सरकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीअन्तर्गत बुँदा नं २ मा 'विभागको प्रणालीबाट व्यक्तिको फोटो र क्युआर कोडसहितको राष्ट्रिय परिचयपत्र कार्ड सम्बन्धित व्यक्तिले नै डाउनलोड गर्ने प्रणाली निर्माण गर्ने' उल्लेख थियो। राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त भएका नागरिकले नाम (नेपाली वा अङ्ग्रेजी), जन्ममिति र नागरिकता जारी मिति पेस गरी आफ्नो कार्ड डाउनलोड गर्न सक्ने विभागले जनाएको छ। राष्ट्रिय परिचय नम्बरको निस्सा हेरी सेवा प्रवाह गर्ने गरेकामा अब उप्रान्त सो कार्डमा रहेको क्युआर कोड स्क्यान गरी देखिने विवरण र नागरिकले देखाउने निस्सामा रहेका विवरण रुजु गरी सेवा प्रवाह गर्न विभागले अनुरोध गरेको छ ।

## सडक दुर्घटनामा कमी ल्याउन प्रदेश सरकार प्रयासरत छ : मुख्यमन्त्री

जनकपुरधाम । मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले सडक दुर्घटनामा कमी ल्याउन प्रदेश सरकारले प्राथमिकताका साथ काम गरिरहेको बताउनुभएको छ ।

प्रदेश स्तरीय सडक सुरक्षा कार्यशालाको बिहीबार जनकपुरधाममा उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री यादवले सडक सुरक्षालाई प्राथाकितामा राखेर सडक दुर्घटनाबाट हुने धनजनको क्षति कम गर्न प्रदेश सरकार प्रयासरत रहेको बताउनुभयो।

पर्याप्त बजेट, जनशक्ति र अधिकार नहुँदा अपेक्षित परिणाम हासिल गर्न चुनौती रहेको उल्लेख गर्नुहुँदै मुख्यमन्त्री यादवले प्रदेश सरकारसँग आफ्नै प्रहरी प्रशासन र कर्मचारी संरचना नहुँदा सडक सुरक्षा, ट्राफिक व्यवस्थापन तथा सेवा प्रवाहको काम प्रभावकारी रूपमा गर्न कठिनाइ भइरहेको बताउनुभयो। सवारी दुर्घटनाबाट हुने मानवीय क्षतिलाई कम गर्न सचेतना जगाउनु आवश्यक रहेको उल्लेख गर्नुहुँदै उहाँले सडक पूर्वाधारमा सुधारसँगै ट्राफिक व्यवस्थापनको कार्यलाई प्राथमिकता दिएको बताउनुभयो । संविधानले प्रहरी कर्मचारी प्रदेशलाई दिए पनि सङ्घीय सरकारबाट हस्तान्तरण हुन नसक्दा प्रदेश सरकारले अपेक्षाकृत काम गर्न नसकेको उल्लेख गर्नुहुँदै मुख्यमन्त्री यादवले संविधानप्रदत्त प्रदेशको अधिकार हस्तान्तरण गर्न आग्रह गर्नुभयो । कार्यक्रममा मधेस प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री शारदा थापाले सडक सुरक्षा र ट्राफिक नियमसम्बन्धी ज्ञानलाई समुदायस्तरसम्म फैलाउनुपर्नेमा जोड दिनुहुँदै विद्यालयस्तरमा ट्राफिक सचेतना कार्यक्रम सञ्चालन हुनु सकारात्मक भएको बताउनुभयो ।

कार्यक्रममा मधेस प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रकाश अधिकारीलगायतले सडक पूर्वाधारको सुधारसँगै ट्राफिक व्यवस्थापनका कार्यलाई लाई प्रभावकारी बनाउन पर्याप्त बजेट, जनशक्ति आवश्यक रहेको औँल्याउनुभयो ।

## सम्पादकीय ....

# नागरिकको काममा इमान्दार बन

लोकतान्त्रिक शासन व्यवस्थामा राज्यका सबै निकायहरू जवाफदेही हुनुपर्छ। कानुनी आधार, प्रमाण र पारदर्शी प्रक्रियाबिना गरिने धरपकड वा कारबाहीले न्याय प्रणालीमाथिको विश्वास कमजोर बनाउन सक्छ। त्यसैले सत्य, न्याय र विधिको शासन सुनिश्चित गर्न निष्पक्ष छानबिन र संवैधानिक प्रक्रियालाई प्राथमिकता दिनुपर्छ र प्रतिवेदन सार्वजनिक हुनुपर्दछ र संसदले भूमिका खेल्नुपर्छ, कानुनी प्रक्रियाको पालना स्पष्ट रूपमा यदि निष्पक्ष र अधिकारसम्पन्न छानबिनको प्रक्रिया अघि बढाइयो भने, यसले एउटा घटनाको मात्र होइन, नेपाली राजनीतिमा वर्षौंदेखि चर्चामा रहेका विभिन्न कालखण्डमा घटित काण्ड र विवादहरूको सत्यतथ्य उजागर गर्ने बाटो पनि खोल्न सक्छ।

कुनै पनि घटनाको सत्य तथ्य र जिम्मेवारी स्पष्ट नभएसम्म शंका, आरोप र अविश्वास मात्र बढ्छन्। यदि दोषी जोसुकै भए पनि कानुनको दायरामा ल्याइएन भने दण्डहीनताको संस्कृतिले पुन यस्ता दुःखद घटना नदोहोरियलान भन्न सकिन्न र सधैं जोखिम रहिरहन्छ। त्यसैले न्याय, सत्य र जवाफदेहिताका लागि समयमै छानबिन र आवश्यक कारबाही हुनुपर्छ। अहिले जताततै घटनाको निष्पक्ष छानबिन र जवाफदेहिताको माग गरिरहेको देखिन्छ।

कुनै विशेष घटनबा वा समूहलाई प्रमाणबिना अपराधी ठहर गर्ने दाबी गर्दा सावधानी आवश्यक हुन्छ। त्यो विषयमा सरकार जिम्मेवार हुन सकेको छैन। आम जनताको अत्यधिक चासोका कारण उक्त घटनाको अब संसदीय जवाफदेहिता, पारदर्शिता र कानुनी प्रक्रियाको पक्षमा रहेको देखिन्छ। तात्कालिक सरकारले गठन गरेको कार्की आयोग र स्वतन्त्र राष्ट्रिय मानवअधिकार आयोगका प्रतिवेदनहरू संसदमा पेश गरी सार्वजनिक बहसको विषय बनाइनुपर्छ। यस्ता संवेदनशील घटनाहरूमा सत्यतथ्य बाहिर ल्याउन र जनविश्वास कायम गर्न उच्चस्तरीय संसदीय छानबिनको बाटो खोल्नु आवश्यक छ।

लोकतन्त्रमा आरोपलाई अनन्तकालसम्म राजनीतिक हतियारका रूपमा प्रयोग गर्ने,र समय आएपछि देखाइदिन्छु भन्दै टाउको माथि तरवार घुमाएर दवाबमा राख्ने र मुद्दाहरूलाई झुण्ड्याइराख्ने परिपाटी र प्रबृत्तिको अन्त्य हुनुपर्छ। दोषी जोसुकै होस्, उसको राजनीतिक हैसियत, पहुँच वा शक्तिका आधारमा होइन, प्रमाण र कानुनका आधारमा मूल्याङ्कन हुनुपर्छ। निर्दोषले न्याय पाउनुपर्छ र दोषीमाथि कानुनबमोजिम कडा कारबाही हुनुपर्छ। यही नै विधिको शासन र लोकतान्त्रिक उत्तरदायित्वको आधार हो। तथापि न त आरोपहरू राजनीतिक सौदाबाजीका साधन बन्छन्, न त कसैले कानुनभन्दा माथि आफूलाई ठान्न सक्छ।

नेपाली राजनीतिलाई प्रतिशोध, शक्ति संघर्ष र संस्थागत अविश्वासको चक्रबाट जोगाउनु आजको प्रमुख आवश्यकता हो। देशमा राजनीतिक स्थिरता, कानुनी शासन र संस्थागत जवाफदेहिता स्थापित गर्न नसकिए जनतामा निराशा र असन्तोष बढ्ने जोखिम रहन्छ।

आजको राजनीतिक नेतृत्वसँग पर्याप्त जनादेश छ, शक्ति छ र अवसर पनि छ भने त्यसलाई केवल सत्ता सञ्चालनमा मात्रै केन्द्रित होइन, वर्षौंदेखि थाँती रहेका राष्ट्रिय समस्या समाधानमा केन्द्रित गर्नुपर्छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **“प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# मधेसको कैलास : लोकआस्था र विश्वासको प्रतीक



*गोपालप्रसाद बराल*

चुरे पहाडी शृङ्खलाको थुम्कोमा अवस्थित टुटेश्वरनाथ महादेव मन्दिर मधेस मात्र नभएर छिमेकी भारतको बिहार राज्यका हिन्दुको पनि आस्था र विश्वासको प्रतीक रहँदै आएको छ। थुम्कोको फेदीमा नदी र खोल्सीहरुमा कलकल बग्ने कञ्चन पानी। अनि चुरे काछको पहाडी शृङ्खलामा सिँढी उक्लिदै पुग्नुपर्ने शिवालय। यो परिवेशले नै मान्छेको मन लोभिने र रम्ने ठाउँ बनेको छ।

महोत्तरी जिल्लाको बर्दिवास नगर-पालिका-५ मा अहिलेको टुटेश्वर बस्तीको सिरानमा यो मन्दिर छ। पूर्व-पश्चिम राजमार्गको टुटेश्वरचोकबाट आठ किलोमिटर घना वन क्षेत्र छिचोलेर शिवालय पुगिन्छ। बर्दिवास मुख्यचोकबाट १६ किलोमिटर दुरी अवस्थित यो ठाउँ धार्मिक पर्यटकीय स्थलका रुपमा चिनिन्छ। माण्डवीगङ्गा नदी किनारमा अवस्थित यो मन्दिर अग्लाअग्ला घना साल वृक्षले घेरिएको पहाडी थुम्कोमा छ। फेदीबाट सिँढी चढ्दै उक्लनुपर्ने हुँदा यो मन्दिरलाई ‘मधेसको कैलास’ पनि भन्ने गरिन्छ। प्रत्येक वर्ष साउन महिनाभरि लाखौँ श्रद्धालु पुग्ने यो शिवालयलाई कतिपयले ‘नेपालको बाबाधाम’ पनि भन्ने गर्दछन्।

भारतको झारखण्ड राज्यको देवघरस्थित वेद्यनाथ धामलाई बोलीचालीमा बाबाधाम भनिन्छ। त्यहाँ पुग्न श्रद्धालु भक्तजन सुल्तानगञ्जबाट गङ्गाको पवित्र जल लिएर तीन-चार दिन लाग्दछ। सुल्तानगञ्जबाट देवघरसम्म देखिने पीतवस्त्रधारी श्रद्धालुको लर्कोकै झलक दिने गरी टुटेश्वरचोकबाट शिवालयसम्मको आठ किलोमिटर दुरीमा ‘बोलबम’ पुकार्दै दर्शनार्थी देखिन्छन्। यही देखिने दृश्यले टुटेश्वरनाथ महादेवस्थानलाई नेपालको ‘बाबाधाम’ भनिएको बर्दिबास-५ चेरुका ८० वर्षीय राजन पौडेल बताउनुहुन्छ।

शिवालय स्थापनाको प्राचीन जनश्रुतिले पनि यो मन्दिरको महत्व बढाएको छ। अघि द्वापर युगमा वनवासका बेला अर्जुनलाई भगवान् शिवले यसै ठाउँमा किराँत रुपमा दर्शन दिएर अमोघ मानिने पाशुपतास्त्र दिनुभएको यहाँका पाकाजन बताउँछन्। “अर्जुनलाई शिवजीले दर्शन दिनुभएको यसै ठाउँमा भन्ने विश्वास गरिन्छ” नेपाल सरकारका पूर्व सहसचिव स्थानीय ७५ वर्षीय वाणिकराज काफ्ले भन्नुहुन्छ, “यहीँबाटै शिवजीको आशीर्वाद पाएर पाण्डव एक वर्षको गुप्तवासका लागि विराटनगर गएका हामीले मान्यजनबाट सुन्दै आएका हौं।”

माण्डवीगङ्गा (मडहा), वरुणमती ( बेलगाछी) र स्वर्णमती (सोनी) नदीको त्रिवेणी सङ्गम त मन्दिरबाट करिब १८ किलोमिटर दक्षिण छ। शिवालय स्थापनामा महाभारतकालीन जनश्रुति भए पनि यो ठाउँ विदेहराज शिरध्वज जनककै समयदेखि धार्मिकस्थलका रुपमा रहेको पछिल्ला ४० वर्षदेखि माण्डवीगङ्गा , वरुणमती र स्वर्णमती नदीको त्रिवेणी सङ्गमबाट जल लिएर घस्रेर दर्शन गर्दै आउनुभएका गौशाला-४ का ७५ वर्षीय अवकाश प्राप्त शिक्षक वासुदेव महतो बताउनुहुन्छ।

“यो प्राचीन विदेह (मिथिला) भूमि हो, राजा जनकका भाइ कुशध्वजकी छोरी माण्डवी आफ्ना साथीहरुका साथ यहाँ बिहार गर्न आउँथे” महतो भन्नुहुन्छ, “माण्डवीले नुहाउने गरेको हुँदा नै नदीको नाम माण्डवीगङ्गा राखिएको रामायणकालीन कथाहरुमा वर्णन पाइन्छ।” माण्डवीका सखीहरु स्वर्णमती र वरुणवतीकै नाउँमा पनि पछि नदीका नाउँ बनेका उहाँको कथन छ। “यी सबै हामीले आफ्नै बाबु/ बाजेबाट सुनेका कथा हुन्” उहाँले भन्नुभयो। टुटेश्वर, पञ्चधुरा माइस्थान, राइमण्डलधाम नजिकका पुरातात्विक महत्वका धार्मिकस्थल हुन्। यी ठाउँ राजा जनक र उहाँका विद्वत्सभाका ऋषिमुनिको तपोभूमिको परिचयमा स्थापित रहेको महतोको भनाइ छ।

विसं २००२ मा डिठ्ठा गौरीनारायण गिरीले वन फडानी गरी बस्ती बसाउने क्रममा यहाँ अति प्राचीन शिवलिङ्ग, पत्थर कुदिएर बनेको बसाहासहित पुरातात्विक महत्वका सामग्री फेला परेका थिए। त्यसयता विभिन्न समयमा श्रद्धालु भक्तजनको सरसहयोगबाट मन्दिर निर्माण भएको छ। शिवलिङ्ग, बसाहा र अन्य पुरातात्विक महत्वका सामग्रीको अध्ययनबाट यसलाई संस्कृति अध्येताहरुले महाभारतकालीन भनेका छन्। “यहाँको शिवलिङ्ग, बसाहा र अन्य प्राप्त सामग्री महाभारतकालीन नै भएका अहिलेसम्मको अध्ययनले देखाएको छ” जलेश्वर-५ पतैलीका बासिन्दा संस्कृतिविद् तथा मिथिला माहात्म्यका नेपाली अनुवादक ध्रुव राय भन्नुहुन्छ।

यस ठाउँलाई धार्मिक पर्यटकीय स्थलका रुपमा विकास गर्न संस्थागत प्रयत्न थालिएको बर्दिवास नगर कार्यपालिकाको कार्यालयको संस्कृति तथा पर्यटन प्रवर्धन समितिका संयोजक हिरालाल गौतमको भनाइ छ। “यसको धार्मिक महत्व अझ उजागर गर्न पछिल्ला १० वर्षयता प्रयत्न थालिएका छन्, यो ठाउँ केन्द्र, प्रदेश र स्थानीयतहको चासोमा परेको छ” गौतम भन्नुहुन्छ, “गत आर्थिक वर्ष २०८१/८२ देखि मधेस प्रदेश सरकारले निरन्तर बजेटमै सम्बोधन गरेर यहाँको कामलाई चासो दिएको छ।” यसैगरी बर्दिबास नगरपालिका र केन्द्र सरकारले पनि यस ठाउँको पुरातात्विक महत्वको संरक्षण र सम्बर्द्धनका लागि अभिरुचिपूर्वक चासो लिएको उहाँको भनाइ छ।

यसैबीच, मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेशको कैलास भनिने यस ठाउँको विकासका लागि विस्तृत परियोजना प्रस्ताव नै बनाएर तीनै तहका सरकारको समन्वयमा योजनाबद्ध काम गरिनपर्ने बताउनुभएको छ। “यहाँ स्वीकृत ढाँचामा एकद्वार प्रणालीबाट काम गरिन पर्छ, स्थानीय तहले लिने पहलकदमीमा प्रदेश सरकारको साथ सहयोग रहनेछ ”

मधेसको कैलास भनिने टुटेश्वरनाथको संरक्षण, सम्बर्द्धन र विकासका लागि यसलाई ट्रष्टमा लान नगरवासीको सुझाव छ। “यहाँ गरिन पर्ने मुख्य दुई काम छन्” बर्दिबास-५ का पूर्ववडाध्यक्ष दलबहादुर थापा मगर भन्नुहुन्छ, “पहिलो यस ठाउँको समुचित विकासका लागि दीर्घकालीन योजना निर्माण र दोस्रो साउने मेलाको कुशल व्यवस्थापन हो।” यी सबै कामको केन्द्रमा यसलाई ट्रष्टमा लगिन नगर नेतृत्वले तत्काल पहलकदमी लिन पर्ने उहाँले स्पष्ट पार्नुभयो। थापाजस्तै बर्दिबास-५ स्थित इच्छेश्वर माध्यमिक विद्यालयका शिक्षक युवराज अधिकारी पनि मन्दिरलाई ट्रष्टमा लान पर्ने बताउनुहुन्छ। माण्डवीगङ्गा, वरुणमती र स्वर्णमती नदीका माझ अवस्थित यो ठाउँ शिवजीको पुकारा गरिँदा मनोवाञ्छित फल पाइने श्रद्धालुहरुको विश्वास छ। “मैले पछिल्ला ४० वर्षदेखि १८ किलोमिटरको दुरी घस्रदै माण्डवीगङ्गा, वरुणमति र स्वर्णमतिको त्रिवेणीबाट ल्याइएको जल शिवलिङ्गमा चढाउँदै आएको छु, यो दुरी पार गर्न मलाई चार दिन लाग्ने गरेको छ” दण्डीबाबा उपनामले चिनिने रजखोरका वासुदेव महतो भन्नुहुन्छ, “यहाँ शिवजीको पुकार गरेर जसरी दुःख बिसाएँ, उहाँले सबै सुन्नुभएको छ, म सन्तुष्ट छु।”

पूर्व-पश्चिम राजमार्ग बन्ने बेलामा ठेकदारहरुले माण्डवीगङ्गा, वरुणमति र स्वर्णमतिको नाउँ बिगारेर मडहा, बेलगाछी र सोनी बनाएका उहाँको गुनासो छ। यी नदीहरुको नाउँ विगतको पौराणिक पृष्ठभूमिकै बनाउन नगर नेतृत्वसँग महतोको अनुरोध छ। “यो नाउँ मिलाउने त बर्दिबास नगर कार्य समितिकै निर्णयबाटै भइहाल्छ” महतो भन्नुहुन्छ, “यस ठाउँको पौराणिक महत्व उजागर गर्न नदीका नाउँको महत्व हुन्छ, यसबारे नगर नेतृत्वको ध्यान पुगोस्।”

टुटेश्वरबारे बढेको चौतर्फी चासो यसको विकासमा सहयोगी हुने स्थायीय बासिन्दासमेत रहनुभएका मधेस प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री शारदादेवी थापाको विश्वास छ। “मधेसको कैलास भनिएर पनि यसको चर्चा फैलिएको छ, तीनै तहका सरकार मात्र नभएर सामाजिक तथा धार्मिक संस्थाले पनि चासो बढाएका छन्” थापा भन्नुहुन्छ, “यो चासोलाई नगरको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिले समुचित समन्वय गर्नुपर्छ।” यस ठाउँको विकासमा प्रदेश सरकारको निरन्तर साथ रहने थापाको प्रतिबद्धता छ।

अवलोकन तथा धार्मिक यात्रा बन्ने गरेको छ। मधेस प्रदेशका पूर्वमुख्यमन्त्रीहरु सतिशकुमार सिंह र सरोजकुमार यादवले कैयौंपटक मन्दिरमा पूजा आराधना गरेर यहाँको विकासबारे चासो राख्नुभएको बर्दिबास-५ का वडा अध्यक्ष काहारमान स्याङ्वा सम्झनुहुन्छ। यसैगरी, प्रदेश सरकारका मन्त्रीहरु, विभिन्न धार्मिक मठका मठाधीश र वरिष्ठ अधिकारीहरु धार्मिक यात्रामा यहाँ आउनुभएको स्याङ्वा बताउनुहुन्छ। आफ्नो ठाउँमा विशिष्ट व्यक्तित्वको सघन आगमन र यस ठाउँको संरक्षण/सम्वर्द्धनबारे व्यक्त हुने चासोले टुटेश्वरवासी दङ्ग देखिन्छन्। “ठुलाबडाहरु बाक्लै आउजाउ गर्छन्, अब यहाँका लागि केही होला भन्ने आश बढेको छ” टुटेश्वर बस्तीका यतिराज काफ्ले भन्नुहुन्छ। काफ्लेसँगै यहाँका आम बासिन्दामा अब आफ्नो ठाउँले सकारात्मक फड्को मार्ने विश्वास जागेको छ।

**अनलाइन ठगी हुनबाट बचौं**

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

## सामाजिक सञ्जालमा भ्रामक विज्ञापन नगर्न विज्ञापन बोर्डको आग्रह

काठमाडौँ । सामाजिक सञ्जालमार्फत आधारहीन तथा भ्रामक विज्ञापन प्रकाशन तथा प्रसारण गरेको भेटिए कारबाही गरिने विज्ञापन बोर्डले जनाएको छ ।

विज्ञापन बोर्डले बिहीबार सार्वजनिक सूचना जारी गर्दै प्रचलित कानुनले निषेध गरेका, आवश्यक लेबलिङ, ब्रान्डिङ तथा आधिकारिक प्रमाणीकरण नभएका औषधिजन्य पदार्थ तथा सामग्रीको विज्ञापन सामाजिक सञ्जालमा बढ्दै गएको भन्दै त्यस्ता गतिविधि तत्काल रोक्न निर्देशन दिएको हो ।

बोर्डका प्रमुख प्रशासकीय अधिकृत देवी पाण्डे खत्रीले सामाजिक सञ्जालमार्फत विभिन्न औषधिजन्य सामग्रीको भ्रामक प्रचारप्रसार गरी सर्वसाधारणलाई भ्रममा पार्ने, ठगी गर्ने तथा जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने आधारभूत मापदण्डसमेत उल्लङ्घन भएको विषयमा उजुरीसमेत परेका जानकारी दिनुभयो । यस्ता विज्ञापनले उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्नुका साथै झुट्टा दाबीका आधारमा आर्थिक ठगीसमेत हुने जोखिम बढाएको बोर्डको भनाइ छ ।

बोर्डले विशेषगरी कपाल उमार्ने, कपाल लामो वा बाक्लो बनाउने, हड्डी तथा नसासम्बन्धी पीडा निको पार्ने, शरीरको बोसो घटाउने, किड्नी सफा गर्ने, शरीरका विषाक्त पदार्थ हटाउनेलगायत दाबी गरिएका औषधिजन्य पदार्थ तथा अन्य समान प्रकृतिका सामग्रीको प्रचार सामाजिक सञ्जालमार्फत व्यापक रूपमा भइरहेको जनाएको छ । यस्ता सामग्रीको प्रभावकारिताबारे वैज्ञानिक आधार, आधिकारिक स्वीकृति वा आवश्यक प्रमाणीकरणबिना आकर्षक प्रचार सामग्री तयार गरी सर्वसाधारणलाई भ्रमित बनाउने कार्य बढ्दो क्रममा रहेको बोर्डले उल्लेख गरेको छ ।

सूचनामा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ५ तथा अन्य प्रचलित कानुनविपरीत कुनै पनि विज्ञापन प्रकाशन वा प्रसारण नगर्न तथा नगराउन सम्बन्धित विज्ञापनदाता, विज्ञापन एजेन्सी, सामग्री उत्पादक, बिक्रेता, डिजिटल प्लेटफर्म सञ्चालक तथा सामाजिक सञ्जाल प्रयोगकर्तासहित सबै पक्षलाई सचेत गराइएको छ । कानुनविपरीतका विज्ञापनले उपभोक्ताको स्वास्थ्य, सुरक्षा तथा आर्थिक हितमा प्रतिकूल असर पुऱ्याउने भएकाले त्यस्ता गतिविधिमा संलग्न नहुनसमेत बोर्डले आग्रह गरेको छ । त्यसैगरी, बोर्डले चिकित्सकको सिफारिसमा मात्र बिक्री वितरण गरिने औषधिकोसमेत सामाजिक सञ्जालमा भ्रामक विज्ञापन भइरहेको गुनासो आएको जनाएको छ ।

आवश्यक लेबलिङ, ब्रान्डिङ तथा आधिकारिक प्रमाणीकरण नभएका औषधि वा सामग्रीको प्रचारप्रसारले भ्रम र अफवाह फैलाउने तथा सर्व-साधारणलाई गलत उपचारतर्फ आकर्षित गर्ने जोखिम रहेको बोर्डको निष्कर्ष छ । यस्ता भ्रामक विज्ञापन प्रकाशन वा प्रसारण भएको पाइएमा तत्काल विज्ञापन बोर्डमा उजुरी गर्न पनि बोर्डले अनुरोध गरेको छ । प्राप्त उजुरीका आधारमा आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइने जनाइएको छ ।

## मौरीपालक किसानलाई प्रविधिका सामग्री वितरण

कालीकोट । जिल्लाको नरहरिनाथ गाउँपालिकाले मौरीपालक किसानलाई आधुनिक प्रविधिका सामग्री वितरण गरेको छ । मौरीपालन व्यवसायलाई व्यवसायिक र आधुनिकीकरण गर्ने उद्देश्यले मौरीपालक किसानलाई आधुनिक प्रविधिका सामग्री वितरण गरिएको हो ।

गाउँपालिकाको उद्योग विकास शाखाद्वारा सञ्चालित 'गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम' अन्तर्गत १० जना मौरीपालक किसानलाई आवश्यक आधुनिक प्रविधि तथा सामग्री हस्तान्तरण गरिएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकामा मौरीपालन व्यवसाय गर्दै आएका १० जनालाई मौरीपालन व्यवसायलाई थप व्यवस्थित र उत्पादनमुखी बनाउन विभिन्न सामग्री वितरण गरिएको उद्योग विकास शाखा प्रमुख दीपेन्द्रबहादुर विष्टले जानकारी दिनुभयो । "१० थान मुडे टोपी, १० जोडी पञ्जा, १० वटा ब्रस, ३० वटा क्विनगेट, १० वटा आधुनिक मौरी घार, २५० ग्रामका ३० थान मैनपाता, २० वटा मौरी झोला र ३० वटा रानी पिँजडा वितरण गरिएको छ", उहाँले भन्नुभयो, "यस्ता सामग्रीले मौरीपालन व्यवसायलाई आधुनिक तथा व्यावसायिक बनाउन सहयोग पुग्ने छ ।"

गाउँपालिकाको उद्योग शाखाले उद्यमशीलता विकास र आयआर्जन वृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको नरहरिनाथ गाउँपालिका-३ का वडाध्यक्ष कटकबहादुर बुढा बताउनुभयो । "मौरीपालन ग्रामीण क्षेत्रका लागि सम्भावना बोकेको व्यवसाय भएकाले प्राप्त सामग्रीको सदुपयोग गरी उत्पादन वृद्धि तथा आम्दानी बढाउन सकिनेछ", उहाँले भन्नुभयो, "गाउँपालिका मौरीपालनका लागि उपयुक्त क्षेत्र पनि हो । त्यसैले मौरीपालन व्यवसायका लागि प्रवर्द्धन गर्दै आएका छौँ ।" आधुनिक मौरी घार तथा अन्य आवश्यक सामग्री प्राप्त हुँदा व्यवसाय सञ्चालनमा सहजता आउने मौरीपालक किसान धना बटालाले बताउनुभयो । उहाँले गाउँपालिकाले उपलब्ध गराएको सहयोगले मौरीपालन व्यवसाय विस्तार गर्न थप उत्साह मिलेको बताउनुभयो ।

## नवप्रवर्तनलाई विस्तार गर्न क्षमता विकास कार्यक्रम

काठमाडौँ । परीक्षण र सफल ठहरिएका कृषि र पानीसम्बन्धी नवप्रवर्तनको पहुँच र लाभलाई साना किसानसम्म पुर्याउने उद्देश्यले क्षमता विकास कार्यक्रम आयोजना गरिएको छ । 'सिजिआइएआर स्केलिङ हब साउथ एसिया'ले आयोजना गरिएको त्रिदिवसीय कार्यक्रम बिहीबार यहाँ सम्पन्न भएको हो ।

कार्यक्रममा कृषि, वन तथा पर्यावरण मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग, कृषि विभाग, नेपाल कृषि अनुसन्धान परिषद्, नेपाल राष्ट्र बैंक, नेपालस्थित युएई दूतावास, इसिमोड लगायत अन्य विकास साझेदार संस्थाका प्रतिनिधि सहभागी हुनुहुन्थ्यो ।

'स्केलिङ हब' अन्तरराष्ट्रिय जल व्यवस्थापन संस्था (इमी) नेपालमार्फत सञ्चालित संस्था हो । यसको मुख्य उद्देश्य दक्षिण एसियामा छरिएर रहेका नवप्रवर्तनका प्रयासलाई समन्वित गरी, लगानीको वातावरण बनाइ विस्तार गर्न आवश्यक समन्वय, क्षमता विकास र साझेदारी गर्नु हो । "नवप्रवर्तनमा सफल पाइलट योजनाको विस्तारमा सबैभन्दा ठूलो समस्या प्रविधि होइन; नीति, लगानी र संस्थागत व्यवस्था पनि उत्तिकै चुनौतीपूर्ण छ", इमी नेपालकी देशीय प्रतिनिधि डा मनोहरा खड्काले भन्नुभयो ।

सहभागीले पाइलट परियोजना र नवप्रवर्तनलाई व्यापकस्तरमा विस्तार गर्ने प्रक्रिया, चरण र आवश्यक तयारीबारे जानकारी लिनुका साथै पाइलट अभ्यासबाट राष्ट्रिय अवलम्बनसम्म पुग्ने मार्गबारे छलफल गर्नुभएको थियो । यसले अलगअलग रूपमा काम गर्दै आएका क्षेत्र र संस्थाबीच नवप्रवर्तन विस्तारबारे साझा बुझाइ निर्माण गरी समन्वय, साझेदारी र लगानी परिचालनलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । छलफलमा नेपाल, भारत, बङ्गलादेश र इथियोपियाका प्राध्यापक, अनुसन्धानकर्ता र सहभागीहरूले विद्यार्थीका नवप्रवर्तनलाई शैक्षिक अभ्यासमा सीमित नराखी परीक्षण, सुधार र विस्तार गर्न सक्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभएको थियो । दक्षिण एसियाभर दशकौँदेखि कृषि तथा पानी अनुसन्धान हुँदै आए पनि नवप्रवर्तनको ठूलो हिस्सा अझै पाइलटस्तरमै विभिन्न कारणले सीमित छ । त्यसमध्ये केही कारण भनेका परियोजना अवधिपछि सञ्चालन गर्न वित्तीय स्रोत जुटाउन नसक्नु, विस्तारको लागि उपयुक्त नीति नहुनु, लक्षित लाभग्राहीको अपनत्व नहुनु, र विस्तार गर्नको लागि सम्बन्धित निकायबीच समन्वय कमजोर हुनुलगायत रहेका इमीकी देशीय प्रतिनिधि डा खड्काले उल्लेख गर्नुभयो । कार्यक्रममा ऊर्जा मन्त्रालयका सहसचिव सुशीलचन्द्र आचार्यले सिँचाइ सेवाको पहुँच र प्रभावकारिता बढाउन निजी क्षेत्रसँग विभिन्न साझेदारी ढाँचातर्फ जान आवश्यक रहेको बताउनुभयो । 'दक्षिण एसिया हब'ले कृषि-खाद्य र पानीसम्बन्धी नवप्रवर्तनको विस्तार गर्नको लागि 'सिजिआइएआर' केन्द्र, सरकार, विकास साझेदार, वित्तीय संस्था, शैक्षिक क्षेत्र र निजी क्षेत्रलाई समन्वय, सह-लगानी र क्षमता विकासमा मद्दत गर्ने उद्देश्य राखेको छ ।

## देशभरका संस्थाको विवरण अद्यावधिक गर्न निर्देशन

काठमाडौँ । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहकारी क्षेत्रमा देखिएका समस्या, अनियमितता र बचतकर्ताको बढ्दो गुनासोलाई नियन्त्रण गर्न १० बुँदे कार्ययोजना ल्याएको छ । मन्त्रालयले सातै प्रदेश र स्थानीय तहलाई कार्ययोजना कार्यान्वयन गर्न पत्राचार गरेको हो ।

मन्त्रालयका अनुसार देशभर कानुनविपरीत सञ्चालन भएका सहकारी संस्थामाथि निगरानी बढाउन तथा निष्क्रिय सहकारीको वास्तविक अवस्था पहिचान गर्न १० बुँदे कार्ययोजना ल्याइएको हो । कार्ययोजनाअनुसार सबै सहकारी संस्थालाई अनिवार्य रूपमा सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आबद्ध गराइनेछ । त्यस्तै सहकारी ऐनअनुसार संस्थाको विवरण तथा अभिलेख अद्यावधिक गर्ने कामलाई तीव्रता दिइनेछ । मन्त्रालयले दुई वर्षभन्दा बढी समयदेखि साधारणसभा नगरेका, लेखापरीक्षण नगरेका तथा कोपोमिसमा आबद्ध नभएका सहकारी संस्थाको नामावली तयार गरी विस्तृत विवरण सङ्कलन गर्नसमेत निर्देशन दिएको छ । यसबाट निष्क्रिय तथा जोखिमयुक्त सहकारी संस्थाको पहिचान गरी आवश्यक कारबाहीको बाटो खुल्ने मन्त्रालयले जनाएको छ ।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले वित्तीय कारोबार सञ्चालनका लागि आवश्यक इजाजतपत्र प्राप्त गरे/नगरेको यकिन गर्न तथा त्यसका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणसँग समन्वय गर्न पनि मन्त्रालयले भनेको छ । अनुगमनपछि जारी भएका आदेश, निर्देशन, जरिवाना तथा अन्य कारबाहीको अभिलेख अद्यावधिक राख्ने, वित्तीय जोखिम देखिएका संस्थामाथि थप निगरानी तथा सुपरिवेक्षण गर्ने व्यवस्था पनि कार्ययोजनामा समावेश गरिएको छ । सहकारी प्रशासन, दर्ता, नियमन, अनुगमन तथा खारेजी प्रक्रियालाई थप प्रभावकारी बनाउन आवश्यक कानुनी सुधारका लागि प्रदेश र स्थानीय तहबाट सुझाव मागिएको छ । मन्त्रालयले १५ दिनभित्र सुझाव पठाउन भनेको छ ।

## सार्वजनिक ऋण परिचालन गर्नुको विकल्प छैनः अर्थमन्त्री डा वाग्ले

काठमाडौँ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले राज्य सञ्चालन गर्नका लागि राजस्वको अलावा सार्वजनिक ऋण परिचालन गर्नुको विकल्प नभएको बताउनुभएको छ ।

अर्थमन्त्री डा वाग्लेले प्रतिनिधि सभामा उठेका प्रश्नहरुको बिहीबार जवाफ दिँदै राज्य सञ्चालनका लागि सार्वजनिक ऋण परिचालनको विकल्प नभएको स्पष्ट पार्नुभयो ।

"आगामी आर्थिक वर्षमा वैदेशिक ऋणतर्फ रु दुई खर्ब ४७ अर्ब र आन्तरिक ऋणतर्फ रु चार खर्ब १० अर्ब परिचालन गरिने लक्ष्य राखिएको छ", उहाँले भन्नुभयो, "सोही अवधिमा आन्तरिक ऋणको सावाँ र ब्याज भुक्तानीका लागि रु दुई ४६ अर्ब खर्च हुने र खुद रु एक खर्ब ६४ अर्ब मात्र आन्तरिक परिचालन गरिनेछ ।"

अर्थमन्त्री डा वाग्लेले आन्तरिक ऋणलाई आर्थिक क्रियाकलाप चलायमान गराउने राज्यका प्राथमिकता प्राप्त आयोजनामा विनियोजन गरिएको बताउनुभयो । "अर्थतन्त्रको आकारको तुलनामा सार्वजनिक ऋण विगतभन्दा वृद्धि भएको छैन", उहाँले भन्नुभयो, "आर्थिक, सामाजिक तथा मानवीय विकासमा पछाडि परेको कर्णाली, मधेस र सुदूरपश्चिमलगायत क्षेत्रलाई प्राथमिकतामा राखी क्षेत्रगत बजेट तथा कार्यक्रम विनियोजन गरिएको छ ।"

अर्थमन्त्री डा वाग्लेले आगामी आवको बजेटमा दलित बालबालिकाको पोषण भत्ता दोब्बर गरिएको जानकारी दिनुभयो । उहाँले विनियोजन ऐन, २०८२ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा संशोधन गरी पुँजीगततर्फको रकमान्तर विषयगत मन्त्रालयले नै गर्नसक्ने गरी अधिकार प्रत्यायोजन गरिएको स्पष्ट पार्नुभयो । सार्वजनिक खरिद ऐन तथा नियमावली मा संशोधन गरी प्रक्रियालाई छोट्याएको र आयोजना प्रमुखलगायत जनशक्तिको स्थायित्व सुनिश्चित गरिएकाले पनि अब पुँजीगत खर्चमा वृद्धि हुने अर्थमन्त्री डा वाग्लेको भनाइ थियो । उहाँले पुँजीगत खर्च वृद्धिका लागि अर्थ मन्त्रालयबाट सम्बन्धित मन्त्रालय एवं निकायलाई सहजीकरण गरिने बताउनुभयो ।

## विपद् व्यवस्थापनसम्बन्धी सन्देशसहित कार्टुन प्रदर्शनी

काठमाडौँ । काठमाडौँको नक्सालमा आजदेखि विपद् व्यवस्थापनसम्बन्धी सन्देश बोकेका कार्टुन कला प्रदर्शनी सुरु भएको छ । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र कार्टुनिष्ट क्लब अफ नेपालको सहकार्यमा आजदेखि यहाँ कार्टुन कला प्रदर्शनी सुरु भएको हो ।

प्रदर्शनीको उद्घाटन गर्दै प्राधिकरण का कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले जुनसुकै काम गर्दा पहिले विपद् बुझ्नुपर्नेमा जोड दिँदै कार्टुनमार्फत विपद्सम्बन्धी सन्देश प्रस्तुत गर्दा सबैको मनमस्तिष्कमा बस्ने बताउनुभयो । सोही क्रममा उहाँले स्कुल तहदेखि कलामार्फत विद्यार्थीलाई विपद्का बारेमा जानकारीसहित पूर्वतयारीका विषयमा बुझाउँदै जानुपर्नेमा जोड दिनुभयो ।

उहाँले कार्टुन हेरेर मानिसले सजिलै बुझ्ने बतउँदै यसलाई अझै प्रभावकारी बनाएर लैजानुपर्ने उल्लेख गर्नुभयो । यसका लागि प्राधिकरण कलाकारसँग सहकार्यका लागि तयार रहेको उहाँले बताउनुभयो ।

## श्रम मन्त्रालयद्वारा फ्रन्टलाइन अस्पतालको अनुगमन

काठमाडौँ । युवा श्रम तथा रोजगार मन्त्रालय र श्रम तथा रोजगार कार्यालयले काठमाडौँको 'फ्रन्टलाइन' अस्पतालको अनुगमन गरेको छ ।

नेपाल सरकारको नियमित अनुगमन प्रक्रियाअन्तर्गत अस्पताल जस्तो अत्यावश्यक क्षेत्रमा कार्यरत श्रमिकको पारिश्रमिक र सेवा सुविधाका सम्बन्धमा अनुगमन गरेको हो । अनुगमनका क्रममा मन्त्री रामजी यादवको सचिवालयका प्रतिनिधि र श्रम कार्यालयका कारखाना निरीक्षक विवेक यादवसहितको टोलीले अस्पतालमा कार्यरत कर्मचारीको न्यूनतम पारिश्रमिकको अवस्थालगायत कागजातको अध्ययन गरेको थियो ।

सो क्रममा अस्पतालले सरकारले तोकेको न्यूनतम पारिश्रमिकको मापदण्ड कार्यान्वयन गरेको पाइएको छ । यद्यपि सामाजिक सुरक्षा कोषमा श्रमिकको आबद्धता भने न्यून पाइएको छ । अस्पताल प्रशासनले कर्मचारीमा ६० वर्षको उमेर हद र रकम झिक्ने प्रक्रियाका बारेमा रहेका केही नीतिगत अन्योलका कारण आबद्धता कम भएको जानकारी दिएको छ । तर कर्मचारीले भने अस्पताल प्रशासनले कोषमा पैसा जम्मा गरिदिने आश्वासन मात्रै दिएको तर जम्मा नगरिदिएको गुनासो गरेका छन् । श्रम कार्यालयले अनुगमनका क्रममा देखिएका कमी कमजोरी सुधार गर्न र सबै कर्मचारीलाई तत्काल सामाजिक सुरक्षा कोषमा आबद्ध गराई सोको प्रमाण सात दिनभित्र पेस गर्न अस्पताललाई निर्देशन दिएको छ । त्यसैसँग सम्बन्धित रहेर कार्यालयले अस्पतालसँग १० बुँदे विवरणसमेत पेस गर्न माग गरेको छ । जसमा सम्पूर्ण श्रमिक तथा प्रशिक्षार्थीको नामावली विवरण, २०८३ वैशाख महिनाको पारिश्रमिक, सेवासुविधा र सामाजिक सुरक्षा कोषमा रकम जम्मा गरेको विवरण, प्रतिष्ठानको कर्मचारी सेवा नियमावली र सुरक्षा तथा स्वास्थ्य नीतिको विवरणलगायत विवरण माग गरिएको छ ।

अस्पताल क्षेत्रमा 'ओभरटाइम' काम गर्नुपर्ने बाध्यता र सोबापतको सुविधाका विषयमा आउने गुनासा सम्बोधन गर्न अनुगमन सुरु गरिएको हो । "राज्यले आगामी दिनमा पनि क्षेत्रगत रूपमा सबै प्रतिष्ठानमा अनुगमन लाई निरन्तरता दिने र श्रमिकको कानुनी अधिकार सुनिश्चित गर्ने लक्ष्य राखेको छ", उहाँले भन्नुभयो । अनुगमन टोलीले तत्काल सुधार गर्नुपर्ने विषयमा मौखिक निर्देशन दिनुका साथै प्रमाण प्राप्त भएपछि थप कानुनी निर्देशन दिइने जनाएको छ ।

# नेपाली चिया निर्यातमा देखिएको अवरोध हटाउन कूटनीतिक पहल भइरहेको छः परराष्ट्रमन्त्री



काठमाडौँ । परराष्ट्रमन्त्री शिशिर खनालले नेपाली चिया निर्यातमा देखिएको अवरोध हटाउन कूटनीतिक पहल भइरहेको बताउनुभएको छ ।

मन्त्री खनालाई भेट्न बिहीबार सिंहदरबारस्थित परराष्ट्र मन्त्रालय पुगेको नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अन्जन श्रेष्ठ नेतृत्वको टोलीले नेपालमा उत्पादन भएको चिया भारत निर्यातमा देखिएको अवरोधलाई कूटनीतिक माध्यमबाट समाधान गर्नका लागि पहल गरिदिन उहाँलाई अनुरोध गरेको थियो । टोलीले भारतीय चिया बोर्डको नयाँ व्यवस्थाका कारण नेपाली चिया उद्योगले भोग्नुपरेको समस्याबारे परराष्ट्रमन्त्री खनालको ध्यानाकर्षण गराएको थियो ।

सो अवसरमा परराष्ट्रमन्त्री खनालले नेपाली चिया निर्यातमा देखिएको अवरोधप्रति सरकार गम्भीर रहेको र यस विषयमा भारतीय पक्षसँग कूटनीतिक संवाद भइरहेको जानकारी दिनुभयो । "चियाको निर्यातमा देखिएका समस्या समाधानका लागि हामीले भारतीय अधिकारीसँग कुराकानी अगाडि बढाइ सकिएको छौँ", उहाँले भन्नुभयो, "समस्याको निकास निकाल्न कूटनीतिक तहबाट ठोस पहल भइरहेको छ। भारतीय पक्षबाट प्राप्त जानकारीअनुसार यसको छिट्टै समाधान निस्किनेछ ।"

परराष्ट्रमन्त्री खनालले चिया लगायत अन्य वस्तुको निर्यातमा आउने यस्ता समस्याको दीर्घकालीन समाधानका लागि भारतीय पक्षसँग कुरा भइरहेको जानकारी दिनुभयो । महासङ्घका अध्यक्ष श्रेष्ठले वार्षिक करिब रु १२ अर्बदेखि रु १४ अर्ब बराबरको कारोबार हुने चिया क्षेत्र सङ्कटमा पर्दा समग्र अर्थतन्त्र र लाखौं व्यक्तिको जीविकोपार्जनमा असर पर्ने जानकारी गराउँदै सक्दो चाँडो समस्या समाधानका लागि मन्त्री खनालसमक्ष आग्रह गर्नुभयो ।

सांसदद्वय गणेश पराजुली र रहबर अन्सारीले चिया निर्यातमा देखिएको समस्या अल्पकालीन र दीर्घकालीन ढङ्गले समाधान खोज्नुपर्नेमा जोड दिनुभयो ।

# विपद् जोखिम क्षेत्र पहिचान गरी आवश्यक पूर्वतयारीमा रहन निर्देशन

काठमाडौँ । गृहमन्त्री सुधन गुरुङले विपद्को जोखिम क्षेत्र पहिचान गरी आवश्यक पूर्वतयारीमा रहन सबै सरोकार भएका निकायलाई निर्देशन दिनुभएको छ ।

बिहीबार सिंहदरबारमा मनसुन पूर्वतयारी र प्रतिकार्यका विषयमा आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रममा गृहमन्त्री गुरुङले बाढी, पहिरो, डुबान, सुख्खा क्षेत्रको सम्भावित जोखिम क्षेत्र पहिचान गरी आवश्यक पूर्वतयारीमा रहन सबै सरोकार भएका निकायलाई निर्देशन दिनुभएको हो ।

विपद्को सूचना छिटोभन्दा छिटो सर्वसाधारणमा पुर्‍याउनु पहिलो आवश्यकता रहेको भन्दै मन्त्री गुरुङले विपद् हुनासाथ तत्काल प्रतिकार्यमा सबै जुट्नसक्ने गरी संयन्त्र बनाउन पनि निर्देशन दिनुभयो । उहाँले सूचनासञ्चारको कामलाई व्यवस्थित बनाउनुपर्ने, निकाय, विभाग र संस्थाहरूबीचको आन्तरिक सहकार्यलाई प्रभावकारी बनाउनुपर्ने, अस्थायी आश्रयस्थल र राहत वितरणको कार्य गर्दा विशेष प्रकारका नागरिकलाई प्राथमिकताका आधारमा व्यवस्थापन गर्नुपर्नेलगायत विषयमा जोड दिनुभयो ।

आजको छलफलमा विभिन्न ११ वटा विषयगत क्षेत्रका नेतृत्वकर्ता सरकारी मन्त्रालय/निकाय र सह-नेतृत्वकर्ता, संयुक्त राष्ट्रसङ्घीय निकाय, नेपाल रेडक्रसका साथै तीनवटै सुरक्षा निकाय र अन्य सरोकार भएका सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता थियो ।

छलफलमा विषयगत क्षेत्रका प्रतिनिधिहरूले विशेष गरी मनसुन अवधिका लागि आ-आफ्नो विषयगत क्षेत्रबाट भएको पूर्वतयारी र भइरहेका कामका बारेमा जानकारी गराएका थिए । सोक्रममा यसवर्षको मनसुनमा कम वर्षा हुने र गर्मी पनि बढ्ने पूर्वानुमान गरिएको विषयमा छलफल गरिएको थियो ।

# गण्डकी प्रदेशसभाः बजेटमाथि छलफल सुरु

गण्डकी । गण्डकी प्रदेशसभाको आजको बैठकमा प्रदेश सरकारको आगामी आव २०८३/८४ को बजेटमाथि छलफल सुरु भएको छ । बिहीबारको बैठकमा प्रदेशका आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले 'बजेटमाथि छलफल गरियोस्' भनी प्रस्ताव पेस गर्नुभयो ।

छलफलमा भाग लिँदै प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले अघिल्ला बजेटको तुलनामा अहिलेको बजेटमा चालु खर्च घट्नु र पुँजीगत खर्च बढ्नुलाई सकारात्मक रूपमा लिनुपर्ने बताउनुभयो। उहाँले बजेटमा समेटिएका रोजगारी सिर्जना, लगानी प्रवर्द्धन, कृषिको बजारीकरणलगायत कार्यक्रम कार्यान्वयनमा जोड दिनुभयो ।

प्रदेशसभा सदस्य लिलबहादुर थापा मगरले नागरिकको माग र आवश्यकतामा आधारित भएर बजेट ल्याउने प्रयास गरेको बताउनुभयो । सरकारले चालु खर्च कम गर्दै जानुपर्ने उहाँको भनाइ छ । सोही क्रममा उहाँले बजेट निर्माण र वितरणमा प्रणाली बसाल्नुपर्ने बताउनुभयो ।

प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले प्रदेश सरकारले आन्तरिक राजस्व बढाउन नसक्दा घाटा बजेट बनाउनुपर्ने अवस्था रहेको बताउनुभयो । उहाँले प्रदेश सरकारले वर्षौंअघि घोषणा गरेका लोकाहाखोला र पूँडीटार औद्योगिक क्षेत्र निर्माण अगाडि बढाउनुपर्ने बताउनुभयो । प्रदेशसभा सदस्य बिन्दु पौडेलले 'रिटर्न टु भिलेज' लगायत आर्थिक उत्पादन र रोजगारी सिर्जनाका महत्त्वपूर्ण कार्यक्रमलाई बजेटले समेटेको समेत बताउनुभयो । पुँजीगत बजेट समयमा खर्च हुन नसक्ने प्रवृत्तिको अन्त्य गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्रदेशसभा सदस्य पार्वती तामाङले सरकारको नीति तथा कार्यक्रमलाई आधार मानेर बजेट आएको बताउनुभयो । उहाँले नवप्रवर्तन, उद्यमशीलता, रोजगारी सिर्जना र लगानी प्रवर्द्धनलाई जोड दिइनु बजेटको सकारात्मक पक्ष भएको बताउनुभयो । प्रदेशसभा सदस्य सीताकुमारी सुन्दास, महेश भट्टराई, भक्तबहादुर कुँवरलगायतले बजेटमाथिको छलफलका क्रममा आ-आफ्ना धारणा राख्नुभएको थियो ।

# गृह प्रशासनलाई दिगो शान्ति र समृद्धिको आधार बनाउने गृहमन्त्रीको संकल्प

काठमाडौँ । गृहमन्त्री सुधन गुरुङले गृह प्रशासनलाई केवल परम्परागत सुरक्षा 'एजेन्सी'का रुपमा मात्र सीमित नराखी यसलाई दिगो शान्ति, विकास, सुशासन र समृद्धिको आधारका रूपमा अगाडि बढाउने संकङ्ल्प व्यक्त गर्नुभएको छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा विनियोजन विधेयक, २०८३ अन्तर्गत गृह मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै गृहमन्त्री गुरुङले राष्ट्रिय परिचयपत्रलाई सबै प्रकारका सार्वजनिक सेवाहरूसँग पूर्ण रूपमा आबद्ध गरिने बताउनुभयो । लैङ्गिक हिंसा, विभिन्न कुप्रथाका कारणले पीडित परिवारलाई न्याय दिन विशेष गरी महिला केन्द्रित संयन्त्रहरू क्रियाशील बनाइएको जानकारी दिँदै उहाँले आगामी बजेटमा उक्त कार्यक्रमलाई विशेष जोड दिइएको बताउनुभयो ।

"नागरिकको गुनासो २४सै घण्टा सुनुवाइ गर्न गृह मन्त्रालयमा मैले 'हेलो गृह' कल सेन्टर व्यवस्था गरिसकेको र नागरिकलाई गुनासो सुनुवाइको जानकारी दिने गरी प्रविधिमैत्री बनाई यो सरकारले नागरिकको कुरा सधैँ सुन्ने र सम्बोधन गर्ने विश्वास दिलाउन चाहन्छु", गृहमन्त्री गुरुङले भन्नुभयो ।

नेपाल प्रहरीलेसमेत 'केस ट्र्याकिङ सिस्टम' नै बनाइसकेको जानकारी दिँदै गृहमन्त्री गुरुङले यसको प्रगति नागरिक सम्म 'एसएमएस' जाने गरी जवाफदेही सरकारको अवधारणालाई आफूले कार्यान्वयनमा ल्याएको बताउनुभयो । "हालको सूचना प्रविधिको युगमा सरकारले साइबर अपराधका विभिन्न प्रकृति तथा अन्तरराष्ट्रियस्तरमा भएका 'बोर्डरलेस क्राइम'का नयाँ चुनौतीलाई सम्बोधन गर्न नेपाल प्रहरीको प्रविधिमैत्री अनुसन्धान क्षमता विस्तार, कार्यक्षमता बढाउन र अपराध अनुसन्धानलाई वैज्ञानिक बनाउन रु ५० करोड ४९ लाखको लगानीमा एआई र 'एडभान्स्ड एनालिटिक्स क्यापाबिलिटी डेभलपमेन्ट' कार्यक्रम सञ्चालन गरिनेछ", गृहमन्त्री गुरुङले भन्नुभयो ।

सुरक्षा निकायका लागि पूर्वाधार विकासमा बजेट थप गरिएको र प्रविधि विस्तार गर्न 'मोडर्न पुलिस पेट्रोलिङ ड्रोन', 'हेभी लिफ्टिङ ड्रोन', 'सर्च एण्ड रेस्क्यु ड्रोन' लगायत पछिल्ला प्राविधिक उपकरण खरिद गर्न बजेट उपलब्ध गराइएको उहाँले जानकारी दिनुभयो। गृहमन्त्री गुरुङले प्रहरी इकाइका जग्गा-जमिन, भवन र आवश्यक सामग्रीको अवस्था र आवश्यकता का सम्बन्धमा एकीकृत प्रतिवेदन तयार पारी पेस गर्न सुरक्षा निकायलाई निर्देशन दिएको स्पष्ट पार्नुभयो ।

"विभिन्न सरकारी निकायको नाममा रहेको जग्गामा हाल प्रहरी बस्दै आएको अवस्था अन्त्य गर्न प्रहरी कार्यालयकै नाममा जग्गा कायम गर्न सम्बन्धित सरकारी निकायसँग समन्वय गरी अर्को वर्ष यस कार्य सम्पन्न गरिनेछ", गृहमन्त्री गुरुङले भन्नुभयो, "सोपश्चात् प्राथमिकताका आधारमा दुवै प्रहरी निकायको भवन संरचना निर्माण गर्न समग्र कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । अर्को वर्ष दुवै प्रहरीतर्फ ७९ भवन निर्माण गर्न बजेट विनियोजन भएको जानकारी गराउन चाहन्छु ।"

विपद्का अवस्थामा नागरिकको ज्यान जोगाउनु राज्यको प्राथमिक दायित्व भएको उल्लेख गर्दै गृहमन्त्री गुरुङले विपद् जोखिमको अवस्था हेरी सरकारी निकाय र सबै सरोकारवालाको समन्वयमा पूर्वतयारी र प्रतिकार्य प्रभावकारी हुनेगरी आवश्यक व्यवस्था मिलाइएको बताउनुभयो ।

"विभिन्न जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिबाट खोज तथा उद्धार सामग्री विवरण प्रणाली अध्यावधिक गरिएको छ । प्राधिकरणबाट खोज तथा उद्धार सामग्री खरिद गरी माग भएका ठाउँमा पठाउने व्यवस्था गरिएको छ", उहाँले भन्नुभयो । विगतमा भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माणमा रु पाँच अर्ब बजेट स्वीकृत भई काम अगाडि बढाइएको गृहमन्त्री गुरुङले जानकारी दिनुभयो। सरकारले भ्रष्टाचार रोक्न शून्य सहनशीलताको नीति लिएको स्पष्ट पार्दै गृहमन्त्री गुरुङले भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्ने यो सरकारको मुख्य दायित्व भएकाले प्रहरीका केन्द्रीय र प्रदेशका प्रमुखलाई मातहतका कर्मचारीको निगरानी गर्न तथा कार्य सम्पादन मूल्याङ्कनका आधारमा पुरस्कार तथा दण्ड दिने नीतिलाई कडाइका साथ कार्यान्वयन गर्न निर्देशन दिइएको बताउनुभयो ।

# स्वास्थ्य बिमाको पुनःसंरचनाका लागि तयारी सुरु

काठमाडौँ । विगतमा भुक्तानी लगायतको समस्या झेलिरहको स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउने सरकारले काम सुरु गरेको छ ।

यसको पहिलो चरणमा बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका उच्च अधिकारीसहित प्रदेश तथा स्थानीय तहका स्वास्थ्यकर्मी तथा अधिकारीसँग बिमा कार्यक्रमलाई प्रभावकारी बनाउने, आवश्यक वर्गको पहुँचमा पुर्‍याउने र बिमाको दावी रकम भुक्तानीलाई समस्यारहित बनाउने उपायहरुबारे छलफल गरेको थियो ।

छलफलमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले स्वास्थ्य बिमालाई प्रभावकारी बनाउन सरकारले बिमा कार्यक्रको पुनःसंरचना र यसलाई आर्थिक भारको विषय बन्न नदिनका लागि गृहकार्य गरिरहेको जानकारी दिनुभयो । "स्वास्थ्य बिमा कार्यक्रम अत्यन्त आवश्यक भएको वर्ग कुन हो भनेर छुट्याउनुपर्छ, त्यसका लागि गृहकार्य भइरहेको छ", उहाँले भन्नुभयो ।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकी स्वकीय उपसचिव प्रकृति ढकालले स्वास्थ्य बिमा क्षेत्रमा हालसम्म भएका प्रगति तथा विभिन्न अध्ययनको सार प्रस्तुत गर्नुभएको थियो । उहाँका अनुसार स्वास्थ्य बिमा कार्यक्रम विभिन्न संरचनागत र प्रवृत्तिगत समस्याका कारण समस्याग्रस्त बने पनि सच्याएर अघि बढाउनुको विकल्प नरहेको बताउनुभयो ।

साथै बिमा कार्यक्रम वार्षिक रु ६ अर्ब ७५ करोड घाटामा छ । नयाँ सरकार गठन भएपछि बिमाबापतको रकम तत्काल उपलब्ध गराउँदै आए पनि वार्षिक रु ६ अर्ब ५७ करोड घाटामै छ । अस्पतालको बाँकी बिमा रकम भुक्तानी गर्न रु १६ अर्ब आवश्यक रहेको जानकारी पनि उहाँले दिनुभयो ।

यसरी घाटा हुनुका कारण बिरामीले मात्र बिमा गर्दा जोखिम कोषमा पर्याप्त रकम सङ्कलन नहुने, बिमा कार्यक्रममा स्वैच्छिक सहभागिताका कारण पर्याप्त जोखिम कोष बन्न नसक्नु, अस्वाभाविक र झुठो दाबी, बिलमा अनावश्यक थप रकम र दोहोरो दाबी रहनु बिरामी र सेवा प्रदायक दुवैमा इमानदारीको अभाव आदि छन् । बिमा शुल्कले २४ प्रतिशत दाबीलाई मात्र भर गर्ने हुनाले वार्षिक ६.७५ अर्बको घाटा व्यहोर्नुपरेको उहाँको भनाइ थियो ।

स्वास्थ्य सचिव डा विकास देवकोटाका अनुसार चालु आर्थिक वर्षमा पनि कुल रु एक अर्ब ९९ करोड दाबि भएकामा त्यसको आधा अर्थात् रु एक अर्ब १७ करोड मात्र शोधभर्ना भएको छ । यसरी चालु आर्थिक वर्षमा रु एक अर्ब ११ करोड रकम बक्यौता रहेको छ । वर्तमान सरकार गठन भएपछि भुक्तानीको मात्रा बढाउँदै लगे पनि यो समस्याको दीर्घकालीन समाधानका लागि सरकारले गृहकार्य गरिरहेको छ। जसमा निजामती कर्मचारी शिक्षकलगायत अनिवार्य नामाङ्कन, आय आधारित प्रगतिशिल प्रिमियम, उमेर आधारित प्रिमियमको सम्भाव्यता अध्ययनलगायत अल्पकालीन उपाय अपनाइने छन् । झुटा र बढाइ चढाइ गरिएका दावी रोक्ने संयन्त्रको व्यवस्था, स्थानीय र जिल्ला अस्पतालको सुदृढीकरण जस्ता संरचनागत सुधारको तयारी स्वास्थ्य मन्त्रालयले गरेको स्वास्थ्य सचिव देवकोटाले बताउनुभयो । कार्यक्रममा बिमा भुक्तानी सहज बनाउन धुमपान र मद्यपान आदिमा छुटै कर लगाउन तथा अस्पतालहरुको रु १६ अर्ब बक्यौता रकम भुक्तानी दिन पनि विज्ञहरुले सुझाव दिएका छन् ।

छलफलमा भाग लिने प्रदेश र स्थानीय सरकारका प्रतिनिधिहरुले आम जनतालाई बिमाको जानकारी नै नहुनु, सेवामाथि अविश्वास, औषधि र उपचार उपलब्ध नहुनु, नजिकमा सूचीकृत अस्पताल नहुनु, प्रिमियम तिर्न आर्थिक कठिनाइ, बिमाले दिने सेवाबारे थाह नपाउनु र नामाङ्कन प्रक्रियाको जटिलताका कारण स्वास्थ्य बिमामा नामाङ्कन नै कम भएको उल्लेख गरेका थिए । कर्णालीमा बीमित व्यक्तिले समयमै सेवा पाउन नसक्नु, लुम्बिनीमा सेवा प्रदायक व्यवहार अनुकूल नहुनाका साथै गुणस्तरमा कमी हुनु र मधेस प्रदेशमा औषधिको अभाव तथा सेवाग्राहीको पायकपर्ने स्थानमा सूचीकृत अस्पताल नहुनुजस्ता समस्या देखिएको उहाँहरुले बताउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com